स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



जेठ ८ गतेदेखि प्रदर्शनमा आएको नेपाली चलचित्र "काजी" अहिले चर्चामा छ। चलचित्रको ट्रेलर र गीत सार्वजनिक भएसँगै दर्शकमाझ उत्साह बढिरहेको बेला अभिनेता विपिन कार्कीले चलचित्रको कथा, आफ्नो पात्र र अभिनय अनुभवबारे बताएका छन्। नेपाल न्यूज बैंकसँगको कुराकानीमा विपिनले "काजी" आफूले यसअघि नगरेको फरक शैलीको प्रेमकथामा आधारित चलचित्र भएको बताए।

आजको विचार...



सुगौली...
(दुई पेजमा)

श्रीप्रसाद प्रसाई

करिब दुई दशक अगाडि एउटा गजल-गीत "न बिर्सें तिमीलाई न पाएँ तिमीलाई" अधिकांश संगीतप्रेमीको मनमा बस्यो। अन्जु पन्त र जगदीश समालले गाएको उक्त गजल विपिन किरणले रचना गरेका थिए भने महेश खड्काले संगीत सिर्जना गरेका थिए। गजल श्रोताको मनमा यतिसम्म गढ्यो गायिका अन्जु पन्तको यो "सिग्नेचर सङ" नै बन्न पुग्यो। पनि अन्जु पन्तलाई "न बिर्सें तिमीलाई"बाटै धेरैले चिन्छन्। २०६४ सालमा यो गजल आएको समयमा सुगम संगीत र पप-संगीतकै वर्चस्व नेपाली संगीतमा थियो।



❒ वर्ष ३१ ❒ अंक २९८ ❒ २०८३ जेठ १३ गते बुधबार 27 May 2026, Wednesday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## संक्षिप्त समाचार

### लेबनानमा इजरायली आक्रमण १२ को मृत्यु

(रासस/क्युएनए)

ढाका, जेठ १२/इजरायली लडाकु विमानले मंगलबार पूर्वी र दक्षिणी लेबनानमा श्रृङ्खलाबद्ध हवाई आक्रमण गर्दा १२ जनाको मृत्यु हुनुका साथै अन्य तीन जना घाइते भएको जनाइएको छ । इजरायलले दक्षिणी लेबनानको टायर र बिन्ट जेबिल जिल्लाका धेरै सहरहरूलाई लक्षित गरी आक्रमण गरेको बताइएको छ । यसै बीच, बेरुतको दक्षिणी उपनगरका केही भागहरूमा आक्रमण विस्तार गर्ने इजरायली धम्की पछि विस्थापित बासिन्दाहरूको आवागमन बढेको देखाइएको छ । लेबनानको जनस्वास्थ्य मन्त्रालयको जन-स्वास्थ्य आपतकालीन सञ्चालन केन्द्रका अनुसार मार्च -२ देखि इजरायली आक्रमणमा तीन हजार १८५ जनाको मृत्यु भएको छ भने नौ हजार ६३३ जना घाइते भएका छन् । अप्रिल -१६ देखि लागु भएको युद्धविराम सम्झौताको बाबजुद इजरायलले दक्षिणी लेबनानमा आफ्नो आक्रमण जारी राखेको छ । निरन्तरको आक्रमणका कारण बिग्रँदै गएको यस क्षेत्रको सुरक्षा र मानवीय अवस्थाको बीचमा मे १५ मा दोस्रो पटक ४५ दिनका लागि युद्धविराम विस्तार गरिएको थियो । गरिरहेका छन् । प्रहरीका अनुसार दुर्घटनामा परेकामध्ये अधिकांश दैनिक ज्यालादारीमा काम गर्ने मजदुर रहेका थिए ।

# विपक्षीले खोजिरहे प्रधानमन्त्री

## प्रधानमन्त्री भने गरिरहे अटेरी

हाम्रा संवाददाता

**पाल्पा,** जेठ १२/ रास्वपाको सरकार बनेपछि प्रतिनिधिसभाको यो दोस्रो अधिवेशन चलिरहेको छ । २०८२ फागुन २१ को निर्वाचनपछि झण्डै दुईतिहाइको बहुमतका साथ चैत १३ मा बालेन्द्र शाह प्रधानमन्त्री नियुक्त भएका थिए । संविधानको धारा ७६ मा मन्त्रिपरिषद् गठनसम्बन्धी व्यवस्था छ, जसको उपधारा १० मा प्रधानमन्त्री र मन्त्रीहरू सामूहिक रूपमा संघीय संसद्प्रति उत्तरदायी हुने उल्लेख छ ।

संविधानले खोजेको यो उत्तरदायित्व र जवाफदेहितालाई प्रधानमन्त्री शाहले इन्कार गरिरहेको प्रतिपक्षहरुको आरोप लागेको छ । चैत १८ मा पहिलो संसद् अधिवेशन सुरु भयो । नयाँ सरकारको नेतृत्व सम्हालेपछि पहिलो अधिवेशनमै प्रधानमन्त्रीले विशेष सम्बोधन गर्ने परम्परा छ । पहिलो अधिवेशन ९ दिन चल्यो र ६ वटा बैठकहरू भए, तर प्रधानमन्त्री बालेनले एक दिन पनि सदनमा बोलेनन् । दोस्रो अधिवेशन



अर्थात् बजेट अधिवेशन २०८३ वैशाख २८ गतेबाट सुरु भएको हो । यो अधिवेशनमा पनि प्रधानमन्त्री शाह संसदलाई बेवास्ता गर्दै हिँडिरहेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले सरकारको नीति तथा कार्यक्रम सम्बोधन गरिरहेका बेला संसद्बाट प्रधानमन्त्री शाह बाहिर निस्किएका थिए । जुन संसद्कै मानमर्दन भएको विपक्षीको आरोप छ । अर्कोतर्फ, नीति तथा कार्यक्रममा उठेका प्रश्नको जवाफबाट पनि उनी भागिरहेका छन् ।

प्रतिपक्ष दलका सांसदहरुले नीति तथा कार्यक्रम माथि छलफल भइरहँदा प्रधानमन्त्री उपस्थित हुनुपर्ने माग गर्दै निरन्तर संसद अवरोध गर्दै आएका छन् । तर उनी संसद्प्रति तर्कि रहेका छन् । मंगलबारको प्रतिनिधिसभाको बैंठकमा पनि विपक्षी दलका सांसदहरुले प्रधानमन्त्री बालेन शाहको खोजी गरे । विपक्षी दल नेपाली कांग्रेस, नेकपा एमाले, श्रम सँस्कृति पार्टी, राप्रपाका सांसदहरुले प्रधानमन्त्री उपस्थित नभएसम्म सदन अगाडि बढ्न नसक्ने भन्दै उभिएर विरोध जनाए । विपक्षी दलहरुले प्रधानमन्त्री शाह सदनमा उपस्थित नभएर बहुमतको दम्भ देखाएको आरोप लगाएका छन् । बैंठकमा प्रधानमन्त्री शाहले विधेक पेस गर्ने कार्यसूची थियो । प्रधानमन्त्रीको तर्फबाट कानुनमन्त्री सोविता गौतमले विधेयक पेस गर्ने तयारी भएपछि विपक्षी दलका सांसदहरुले उठेर विरोध जनाएका थिए । सभामुख डोलप्रसाद (डीपी) अर्यालले विपक्षी दलका सांसदहरुलाई प्रधानमन्त्री सदनमा आउने विषयमा छलफल भइरहेको जानकारी गराउँदै बसेर सहयोग गर्न आग्रह गरे पनि विपक्षी सांसदहरुले उठेर विरोध जनाए ।

सभामुख अर्यालले भनेका छन्, 'मलाई थाहा छ माननीय सदस्यहरूले मेरो मुखबाट मिति घोषणा भइदियोस् भन्ने तपाईंहरूको ठूलो इच्छा छ ।' विपक्षी दलहरूको यस्तो इच्छा नेचुरुल (प्राकृतिक) प्रक्रिया भएको भन्दै उनले प्रधानमन्त्री उपस्थित हुने विषय पनि नेचुरल नै रहेको बताए । रुलिङ गर्न इन्कार गर्दै सभामुख अर्यालले भने, 'प्रधानमन्त्री आउने मिति तय हुने बित्तिकै म माननीय सदस्यहरूलाई जानकारी गराउँछु ।' तर, विपक्षीले मानेनन् । सभामुखको आग्रहको बाबजुद प्रमुख प्रतिपक्षी नेपाली काँग्रेससहितका विपक्षी दलहरुले संसद्मा प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै विरोध गरे ।

विपक्षी दलहरुले सदनमा उपस्थित भएर आृना दृष्टिकोण राख्न तथा आमजनतालाई उत्साहित बनाउन प्रधानमन्त्रीको ध्यानाकर्षण गराए । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसका प्रमुख सचेतक वासना थापाले सरकारबाट प्रतिपक्षको भूमिकालाई कमजोर बनाउने प्रयास भइरहेको अरोप लगाउँदै प्रतिपक्षको आवाज सुनेर साझा राष्ट्रिय 'एजेन्डा' स्थापित गर्न सुझाव दिए । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का प्रमुख सचेतक ऐनबहादुर महरले आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नको जवाफ दिएर सरकार सदनप्रति जवाफदेही हुनुपर्ने बताए । नेपाली कम्युनिष्ट पार्टीका प्रमुख सचेतक युवराज दुलालले विपक्षीको अवरोधका बीच सदनको कामकारबाही अघि बढाउनु उचित नहुने बताए । श्रम संस्कृति पार्टीका प्रमुख सचेतक आरेन राईले प्रधानमन्त्रीले सदनमा उपस्थित भएर जनताको आवाज सुनिदिन आग्रह गरे । राष्ट्रिय प्रजातन्त्र पार्टीका सचेतक खुश्बु ओलीले लोकतन्त्रमा संवाद नै पहिलो सर्त भएको उल्लेख गर्दै प्रधानमन्त्रीलाई सदनमा उपस्थित भएर जनताको आवाज सुन्न अनुरोध गरिन् ।

# लुम्बिनी प्रदेशसभा : नीति तथा कार्यक्रममाथि छलफल

**लुम्बिनी,** जेठ १२ /लुम्बिनी प्रदेशसभाको मंगलबार बसेको सातौँ बैठकमा आर्थिक वर्ष २०८३/८४ को वार्षिक नीति तथा कार्यक्रममाथि औपचारिक छलफल सुरु भएको छ । प्रदेश प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रममाथि धन्यवाद प्रस्ताव सर्वसम्मतिले पारित भएपछि सभामा छलफल सुरु भएको हो ।

बैठकमा लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम ३९ को उपनियम (१) बमोजिम मुख्यमन्त्री चेतनारायण आचार्यले 'वार्षिक नीति तथा कार्यक्रम' माथि छलफल प्रारम्भ गरियोस् भन्ने प्रस्ताव पेस गरेका थिए । त्यसपछि दलीय प्रतिनिधित्वका आधारमा प्रदेश सभा सदस्यहरूले नीति तथा कार्यक्रममाथि आृनो धारणा राख्न सुरु गरेका हुन् । छलफलमा प्रदेशसभा सदस्य अर्जुनकुमार केसी, निलम पासवान, भण्डारीलाल अहिर, भगवती अधिकारी, मीनाकुमारी श्रेष्ठ तथा विष्णुप्रसाद पन्थीले



भाग लिए । उनीहरूले प्रदेश सरकारको नीति तथा कार्यक्रमका विभिन्न पक्ष, विकास प्राथमिकता, कृषि, पर्यटन, सुशासन, शिक्षा, स्वास्थ्य तथा पूर्वाधारसँग सम्बन्धित विषयमा धारणा राखेका थिए । बैठकमा नीति तथा कार्यक्रममाथि कुनै संशोधन प्रस्ताव दर्ता नभएको जानकारी सभामुख तुलाराम घर्तिमगरले गराएका थिए । प्रदेशसभाले नीति तथा कार्यक्रममाथिको छलफललाई आगामी बैठकमा निरन्तरता दिने निर्णय गरेको छ ।

**थारु समुदायको प्रथा जनित विधेयक पेस**

यसैबीच, बैठकमा 'थारू समुदायका प्रथा जनित परम्पराको संरक्षण तथा प्रवर्द्धन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८३' पनि पेस गरिएको छ । सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिनाले उक्त विधेयक सभासमक्ष प्रस्तुत गरेका हुन् ।(

... बाँकी अन्तिम पेजमा)

जातीय भेदभाव अन्त्य गरौं, समानता र सम्मान बढाऔं ।

-जातीय भेदभाव तथा छुवाछुत मानवअधिकारको गम्भीर उल्लङ्घन हो-यसको अन्त्य गरौं,

-सबै नागरिकलाई समान अधिकार र अवसर सुनिश्चित गरौं,

-विभेदरहित समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गरौं,

-दलित तथा पछाडि परेका/पारिएका समुदायको सशक्तिकरणमा योगदान दिऔं,

-शिक्षा, चेतना र सहकार्यबाट सामाजिक सद्भाव बढाऔं,

-हरेक व्यक्ति बराबर छन् भन्ने मान्यता व्यवहारमा लागू गरौं,

-एकता, सहिष्णुता र आपसी सम्मानलाई प्रवर्द्धन गरौं ।

समानता र सामाजिक न्याय, राष्ट्रिय एकताको आधार ।

नेपाल सरकार

विज्ञापन बोर्ड

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## गर्मी मौसम : स्वास्थ्यको ख्याल गरौं

**गर्मी मौसम दिनप्रतिदिन बढ्दै गएको छ । जसको असर मानिसको स्वास्थ्य, कृषि, पानीको स्रोत तथा वातावरणमा देखिन थालेको छ । यस्तो अवस्थामा गर्मीबाट जोगिन व्यक्तिगत सतर्कता मात्र होइन, सामूहिक सचेतना पनि अत्यन्त आवश्यक बनेको छ । विशेषगरी शहर क्षेत्रमा बढ्दो कङ्क्रिट संरचना, वन विनाश र प्रदूषणले तापक्रम झन् बढाएको छ । दिउँसोको चर्को घाममा काम गर्न बाध्य मजदुर, यातायातकर्मी, वृद्धवृद्धा तथा बालबालिका सबैभन्दा बढी जोखिममा छन् । अत्यधिक गर्मीले डिहाइड्रेसन, लु लाग्ने, थकान, टाउको दुख्ने, बेहोस हुनेजस्ता समस्या निम्त्याउन सक्छ । कतिपय अवस्थामा यसले ज्यानसमेत लिन सक्छ ।**

**गर्मीबाट बच्न सर्वसाधारणले केही सामान्य तर महत्वपूर्ण सावधानी अपनाउन आवश्यक छ । प्रशस्त पानी पिउने, घामको समयमा अनावश्यक बाहिर ननिस्कने, हल्का र सुती कपडा लगाउने तथा फलफूल र झोलिलो खानेकुरा सेवन गर्ने बानी बसाल्नुपर्छ । विद्यालय, कार्यालय तथा सार्वजनिक स्थानमा पनि गर्मीबाट बच्ने उपायबारे जानकारीमूलक कार्यक्रम सञ्चालन गरिनुपर्छ । अत्यधिक घाममा बाहिर ननिस्कनु, आवश्यक परे टोपी, छाता वा सनग्लास प्रयोग गर्नु, हल्का कपडा लगाउनु तथा बिहान वा साँझ मात्र बाहिर निस्कनु जस्ता सतर्कता अपनाउनु आवश्यक हुन्छ । घर वा कार्यस्थलमा शीतल वातावरण कायम राख्न झ्यालढोका खुला राखेर हावाको आवागमन सुनिश्चित गर्नु वा पंखा र कूलरको प्रयोग गर्नु उपयुक्त उपाय हुन् । खानपानमा पनि गर्मीको मौसममा विशेष ध्यान दिनुपर्छ ।**

**सरकार र स्थानीय तहले पनि दीर्घकालीन योजना बनाउन जरुरी छ । सडक किनारमा वृक्षारोपण, खुला हरियाली क्षेत्र संरक्षण, सुरक्षित खानेपानीको व्यवस्था तथा जलवायु परिवर्तन नियन्त्रणका नीति प्रभावकारी रूपमा लागू गर्नुपर्छ । केवल चेतावनी जारी गरेर मात्र दायित्व पूरा हुँदैन । नागरिकको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्ने ठोस काम आवश्यक छ ।**

### Opinion @ Social Network

कसैलाई लाग्छ म ढुङ्गा हुँ र मलाई पटक्कै दुख्दैन,
तर कसलाई के थाहा, यो ढुङ्गा फुट्दा कति ठुलो साम्राज्य भत्किन्छ ।
*(एलिषा गाहाको फेसबुक स्टाटसबाट www.facebook.com/Alisha.GAha)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# सुगौली तथा शान्ति सन्धिपछि र अहिलेको नेपाल



## श्रीप्रसाद प्रसाईं

***वीर नेपालीहरूले राष्ट्ररक्षार्थ पूर्वको हालको पर्सादेखि पश्चिमको नालापानी, देउथलसम्म सातवटा युद्ध अंग्रेजसँग लडेका थिए । मुलुक रक्षार्थ राज्यको सेना मात्र होइन रामचन्द्र प्रसाई र जयनारायण थापामगर जस्ता राष्ट्रभक्त सामान्य नागरिककै भूमिका भएका व्यक्तिहरू पनि भएको आफ्नो श्रीसम्पत्ति नै राष्ट्रलाई सुम्पेर जनसेनाकै नेतृत्व गर्दै युद्धमा सहमागी भएका थिए । अन्ततः नेपाल र अंग्रेजबीच सन् १८१६ अर्थात् वि.सं. १८७२ मा सुगौली सन्धि भएपछि नेपाल र अंग्रेजबीचको युद्ध अन्त्य भएको थियो । वि.सं. १८७२ पुसमा भएको सुगौली सन्धिको दफा ५ मा उल्लेखित अंग्रेजको यही एकपक्षीय करारनामाले नेपालको काली नदी पश्चिमको सम्पूर्ण भूभाग भावी सन्ततिले समेत दाबी गर्न नपाउने प्रस्ताव अंग्रेजले अघि सारेको थियो ।***

प्रारम्भमा उत्तर अमेरिकास्थित तत्कालीन स्वतन्त्र राज्य न्युफाउडल्याण्डलाई सन् १६०० तिरै ब्रिटेनले आफ्नो कब्जामा लिई प्रारम्भ गरेको उपनिवेशवादी नीति क्रमशः विस्तारित गर्दै सन् १८१६ सम्म आइपुग्दा विश्वभर फैल्यायो । कहिल्यै सूर्यस्त नहुने मुलुकको रूपमा चिनिँदै आएको बेलायतको लागि नेपाल भने आकाशको फलजस्तै पहुँच बाहिरै रह्यो । त्यस्तो हुनुको प्रमुख कारण हाम्रा अग्रज पुर्खाहरूकै बहादुरीको परिणाम थियो । वीर पुर्खाद्वारा संरक्षित यही हाम्रो मातृभूमि अहिले भौगोलिक रूपमा क्रमशः खुम्चिरहँदा उनै वीर पुर्खाका सन्तान हामी मूकदर्शक बन्न विवश छौँ । हाम्रो मूकदर्शकताको कारक तत्त्व पनि स्वार्थमै सत्ता सञ्चालन गर्दै आएका नेताकै कारण हो भन्ने कुरा जनताले महसुस गरेकै छन् ।

**(क) सुगौली सन्धि अघिको नेपाल**

एकताका हाम्रो मुलुक पूर्वमा टिस्टादेखि पश्चिममा हालको भारतको उत्तराखण्डमा पर्ने कुमाउ गहढवाल पश्चिमको सतलज नदीसम्म फैलिएको थियो । पछि पुनः खुम्चिएर अलकन्दा नदीसम्म कायम भयो । बृहत् नेपाल भनी चिनिने त्यसबखतको नेपालको भूक्षेत्र तलको १ नं. नक्सामा भएअनुसार थियो । व्यापार व्यवसाय गर्ने निहुँमा करिब सन् १७०० कै प्रारम्भमा भारत प्रवेश गरेका अंग्रेजले क्रमिक रूपमा भारतको राज्य व्यवस्थाउपर नै आृनो प्रभुत्व स्थापित गर्दै अन्ततः भारतलाई नै कब्जामा लिएर शासन सञ्चालन गरे । त्यसपछि दक्षिण एसियाका अन्य मुलुकहरू पनि क्रमशः अंग्रेजको अधिनस्थ बन्दै आए । विस्तारवादी नीतिकै क्रममा नेपालउपर पर्दै आएको अंग्रेजको गिद्धेदृष्टि राष्ट्रभक्त वीर सपुतले विफल बनाउँदै ल्याए ।

वीर नेपालीहरूले राष्ट्ररक्षार्थ पूर्वको हालको पर्सादेखि पश्चिमको नालापानी, देउथलसम्म सातवटा युद्ध अंग्रेजसँग लडेका थिए । मुलुक रक्षार्थ राज्यको सेना मात्र होइन रामचन्द्र प्रसाईं र जयनारायण थापामगर जस्ता राष्ट्रभक्त सामान्य नागरिककै भूमिका भएका व्यक्तिहरू पनि भएको आफ्नो श्रीसम्पत्ति नै राष्ट्रलाई सुम्पेर जनसेनाकै नेतृत्व गर्दै युद्धमा सहमागी भएका थिए । अन्ततः नेपाल र अंग्रेजबीच सन् १८१६ अर्थात् वि.सं. १८७२ मा सुगौली सन्धि भएपछि नेपाल र अंग्रेजबीचको युद्ध अन्त्य भएको थियो । सुगौली सन्धिपछि हाम्रो मातृभूमि बृहत्तर क्षेत्रबाट खुम्चिएर निश्चित क्षेत्रभित्रै सीमित भयो । वि.सं. १८७२ पुसमा भएको सुगौली सन्धिको दफा ५ मा उल्लेखित अंग्रेजको यही एकपक्षीय करारनामाले नेपालको काली नदी पश्चिमको सम्पूर्ण भूभाग भावी सन्ततिले समेत दाबी गर्न नपाउने प्रस्ताव अंग्रेजले अघि सारेको थियो । सो दफाको पूर्ण रूप यस्तो छ : "दफा पाँचौं '५' राजा निपाउल काली दरियाव पछिमका सबमूलुक. क्या आफ्ना तरफबाट क्या सन्तानका तरफबाट. क्या भाई भैयादबाट. पुस्त दरपुस्त छोडिकन कसैतरहले पनि. उसको दाबा नगर्नु. औ येस मुलुकमा र. येस मुलुकमा रहन्या मानिस माथि. कौने तरहको इलाका र सरोकार नराषनु भनि करार गर्छन्

**(ख) सुगौली सन्धिपछिको नेपाल अंग्रेजीमा अनुवादित यही दफाको नेपाली रूपान्तरण यस्तो छ :**

"धारा पाँचौं" "काली नदीका पश्चिममा परेका प्रदेशहरूमा निपाउलका राजाले आफू स्वयं, आफ्ना प्रतिनिधि तथा उत्तराधिकारीहरूका सारा दाबाहरू त्यागनेछ र ती देशहरू र त्यहाँका निवासीहरूसँग कुनै सम्पर्क कहिल्यै राखिने छैन ।" तर अंग्रेजको यो एकतर्फी करार नेपालको लागि मान्य भएन । यसप्रतिको नेपाल पक्षको असन्तुष्टिलाई साम्य पार्न अंग्रेजले लगत्तै दक्षिण तराईको केही भूभाग वा गण्डक नदीदेखि गोरखपुर जिल्लाको सीमादेखि उत्तरको साबिकको नेपालको बुटबल, स्युराज क्षेत्र नेपाललाई नै फिर्ता दिने अर्को निर्णय गरेर सुगौली सन्धिलाई पूर्ण गराएको थियो । तथापि सुगौली सन्धिले निर्धारित गरेको यही क्षेत्रभित्रकै कालापानी पश्चिमको भाग हाल भारतले कब्जा गरेको छ । सो क्षेत्रस्थित गुन्जी, नाबी र कुटी प्रमुख नेपाली बस्ती हुन् । उक्त क्षेत्रका नेपालीले परम्परागत रूपमा जोतभोग गर्दै आएको जग्गाको धनीपुर्जा, सालिन्दा नेपाल सरकारलाई बुझाउँदै आएको सरकारी दस्तुर तथा नेपाल सरकारले उनीहरूलाई प्रदान गरेको सरकारी निस्सा लागेका कागजातले नै उनीहरू नेपाली भएको र उनीहरूले बसोबास गर्दै आएको भूमि नेपालको भएको प्रमाणित गर्दछ । सुगौली सन्धिले नेपाललाई पूर्वको मेची नदीदेखि पश्चिममा लिम्पियाधुरासम्म कायम गराएको सबैभन्दा भरपर्दो अर्को प्रमाण भारतकै सो क्षेत्रको कुमाउ प्रदेशले सुगौली सन्धिको लगत्तै तीन वर्षपछि वा सन् १८१९ मा सर्वप्रथम जारी गरेको उक्त क्षेत्रको भौगोलिक नक्सा हो । जसमा लिम्पियाधुरालाई नेपाल र भारतको सीमा क्षेत्र देखाइएको छ । सो क्षेत्र हुँदै बग्ने काली नदी नेपाल र भारतको सीमा नदी देखाइएको छ । कुमाउ प्रदेशले सन् १८१९ मा जारी गरेको तल दिइएको २ नं. नक्साले नै सो तथ्य बताउँछ ।

यसको अतिरिक्त सर्भे अफ इन्डियाले सन् १८२७ मा जारी गरेको कुमाउ गहढबालको अर्को भौगोलिक नक्सा, भारतले नै जारी गरेको सन् १८३० को हिन्दुस्थानको पश्चिमी क्षेत्रको नक्सा, भारतले नै जारी गरेको सन् १८९४ को कुमाउ गहढबालको अर्को नक्साले समेत लिम्पियाधुरासम्मको भूभाग नेपालको भनी बोलिरहेको छ । सुगौली सन्धिले निर्धारण गरेको माथि उल्लेखित कालापानीदेखि लिम्पियाधुरासम्मको क्षेत्रमा रहेका उल्लेखित गुन्जी, कुटी र नावी प्रमुख नेपाली बस्तीलाई अहिले भारतले एकतर्फी रूपमा उत्तराखण्ड राज्यभित्र पर्ने १३ जिल्लामध्येको पिथौरागढ जिल्लामा गाभिएको देखाउँछ । यसको अलावा भारतले नेपालका २३ जिल्लाको ७१ स्थानमा नेपालीभूमि अतिक्रमण गरेको छ । प्रमाणित रूपमा सो भूमि नेपाली भए पनि व्यवहारमा जबरजस्ती भारतीय भूमि बनाइएको छ । तथापि विगतका राज्य सञ्चाालक नेताहरू भने राष्ट्र दिनपरदिन खुम्चँदै गएको थाहा पाएर पनि थाहा नपाएझैँ गर्दै आएका थिए ।

**(ग) शान्ति तथा मैत्री सन्धिले कायम गरेको नेपाल**

भारत स्वतन्त्र भएको चार वर्षपछि वा ३१ जुलाई सन् १९५० अर्थात् वि.सं. २००७ साउन १६ गते नेपाल र भारतबीच भएको अर्को "शान्ति तथा मैत्री सन्धि" ले त सुगौली सन्धि नै खारेज गरी ग्रेटर नेपालकै साविकको भूमि नेपाली नै कायम गरिदियो । यो सन्धिमा नेपालको तर्फबाट तत्कालीन प्रधानमन्त्री मोहन शमशेरले र भारतको तर्फबाट राजदूत चन्द्रेश्वर प्रसाद नायारण सिंहले हस्ताक्षर गरेका थिए । यही पछिल्लो सन्धिकै धारा ८ मा उल्लेखित तलको निर्णयले नेपाली भूमि यद्यपि कानुनमा ग्रेटर नेपालकै स्वरूपमा भएको पुष्टि गर्दछ । धारा ८ कै यो व्यवस्थालाई हेरौँ धारा- ८ "जहाँसम्म यहाँ उल्लेख भएका कुरोको सवाल छ, तिनको हकमा, यो सन्धिले नेपाल सरकार र भारत सरकारको तर्फबाट, ब्रिटिस सरकारको बीचमा भएका सबै सन्धिहरू, सम्झौताहरू प्रतिज्ञापत्रहरूलाई खारेज गरेको छ ।" भनी प्रस्ट उल्लेख गरेको छ । अब मजबुद जनधरातलमा उभिएको वर्तमान सरकारले भारतद्वारा मिचिएको मात्र होइन उल्लेखित सन्धिद्वारा नेपाली बनाइएको "ग्रेटर नेपालको" साविकको भूमि फिर्ता ल्याउन भारत सरकारसँग प्रक्रिया अगाडि बढाउन खुट्टा कमाउनु हुँदैन ।

**(घ) व्यवहारमा अहिलेको नेपाल**

सन् १९५० को शान्ति तथा मैत्री सन्धिले निर्धारण गरेको भन्दा व्यवहारमा अहिले नेपालको करिब ६० हजार हेक्टर भूमि खुम्चिएको छ । उल्लेखित विवादास्पद बनाइएका स्थानमध्ये भारततर्फकै कुरा गर्ने हो भने भारतसँग सीमा जोडिएका २६ जिल्लामध्ये २१ जिल्लाको ५४ स्थान भारतद्वारा बढी विवादास्पद बनाइएका छन् । यस्ता ५४ स्थानमध्ये इलामको सन्दकपुर, पशुपतिनगर, माने भञ्ज्याङ्ग झापाको भद्रपुर, महेशपुर, पाठामारी, काँकडभिट्टा (मेचीपुल), कोराबारी, सप्तरीको लालापट्टी, कुनौली, पर्साको वीरगञ्ज उपमहानगरपालिकाको सार्कीटोल, ठोरी, बर्दियाको गुलरिया नपाको चौगुन्जी, कैलालीको कुसुमघाट, कौवाखेडा, कञ्चनपुरको पारासनको बीचफाँट, प्याराताल, टनकपुर प्रमुख अतिक्रमित क्षेत्र हुन् । भारतको तर्फबाट मात्र अहिले नेपालको कालापानीदेखि लिम्पियाधुरासम्मको ३७ हजार हेक्टर, सुस्ताको १४ हजार हेक्टर र अन्य ५२ स्थानको ९ हजार हेक्टर गरी कुल ६० हजार हेक्टर क्षेत्रफल अतिक्रमित भएको छ । उक्त क्षेत्रका नेपाली नागरिकलाई जबरजस्ती भारतीय बनाइएको छ कतिपय स्थानमा स्थानीय नेपालीहरू नै आफ्नो नेपाली भूमि भारतीय पक्षबाट अतिक्रमण भएको विरोधमा उत्रँदै पनि आएका छन् । नेपालीले गरेको विरोधलाई नियन्त्रण गर्ने क्रममा कतिपय स्थानमा भारतीय पक्षबाट सांघातिक आक्रमण हुँदा नेपालीको ज्यानै गएको छ । कतिपय सीमा क्षेत्रमा रहेका सीमास्तम्भहरू नै गायव पारिएका छन् । कतिपय क्षेत्रमा दशगजामै भारतीय बस्ती छ । तथापि विगतका लोकतान्त्रिक सत्ता सञ्चालकहरू सत्ता संकटमा पर्ने डरले भारतीय पक्षसँग खुलेर बोल्ने हिम्मतै गरेनन् । नेताहरूको मौनताले भारतीय पक्षको मनोबल बढेर गयो ।

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नर्यामिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : नयाँ अवसर प्राप्त हुनेछन्। व्यवसायमा सन्तोषजनक परिणाम मिल्नेछ। | **तुला** : मन मिल्ने साथीको सहयोग र हौसला मिल्नेछ। यात्राको योग रहेको छ । |
| **बृष** :नयाँ भौतिक साधनको योजना बन्ला। पारिवारिक रमाइलो समेत हुनेछ । | **बृश्चिक** : तनाव बढेको महशुस हुनेछ । स्वास्थ्य प्रति सजग रहन जरूरी छ । |
| **मिथुन** : रचनात्मक कार्यमा मन जानेछ। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ । | **धनु** : कुनै न कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ। |
| **कर्कट** : मित्रहरूले दिएको वचन फेरिन सक्छ। फजुल खर्चले चिन्ता बढाउनेछ । | **मकर** : शुभकार्यको चर्चा चल्नेछ । सामाजिक क्षेत्रबाट मानसम्मान मिल्नेछ । |
| **सिंह** : व्यवसायको सन्दर्भमा नयाँ योजना बन्नेछ । सन्तानबाट सुख मिल्नेछ । | **कुम्भ** : पारिवारिक कार्य बोध हुनेछ । नयाँ रचना र ज्ञानमा प्रगति हुनेछ । |
| **कन्या** : धार्मिक कार्यमा सरिक हुने पाइने छ । नयाँ काम प्रस्ताव आउनेछन् । | **मिन** : आत्मजनको साथमा रमाउने मौका मिल्नेछ।कार्यक्षेत्रमा सहकार्यबाट लाभ मिल्नेछ। |

## कला मनोरञ्जन

# किन रोकियो मञ्चन भइरहेको 'लुसिफर राइजिङ' ?




थापागाउँस्थित एक थिएटरमा मञ्चन भइरहेको नाटक आइतबार एकाएक रोकिएको छ । नाटक निर्माण संस्था 'मझुवा बगर'ले एक सूचना जारी गर्दै राजनीतिक धम्कीका कारण नाटकको मञ्चन रोक्न बाध्य भएको जनाएको छ । सूचनामा भनिएको छ, 'अज्ञात राजनीतिक व्यक्ति, प्रवृत्ति र समूहको दबाबका कारण हामी नाटक 'लुसिफर राइजिङ'को शो रोक्न बाध्य भएका छौँ । यसबाट दर्शकमा पर्न गएको असुविधाप्रति हामी क्षमाप्रार्थी छौँ ।' मझुवा बगरले 'एक थिएटर नेपाल'को हल भाडामा लिएर उक्त नाटक मञ्चन गरिरहेको थियो । नाटक रोकिनुको कारण 'राजनीतिक धम्की' भनिए पनि कसले र किन यस्तो गर्‍यो भन्नेबारे स्पष्ट खुलाइएको छैन । पछिल्लो समय 'लुसिफर' शब्दलाई प्रधानमन्त्री बालेन्द्र शाहका आलोचकहरूले उनलाई लक्षित गरी प्रयोग गर्ने गरेका छन् । सोही शब्द नाटकको शीर्षकमा रहेकाले सरकारको दबाबमा नाटक रोकिएको हुन सक्ने अनुमान धेरै कलाकर्मीको छ । यसप्रति उनीहरूले सामाजिक सञ्जालमार्फत असन्तुष्टि जनाइरहेका छन् । नाट्यकर्मी अनुप बरालले यस घटनाप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएका छन् । उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'सत्ताको रक्षाका नाममा राज्यले कला-संस्कृतिमाथि अंकुश लगाउने, सिर्जनात्मक अभिव्यक्तिलाई कुण्ठित गर्ने वा कलाकारलाई धम्की दिने कार्य कुनै हालतमा स्वीकार्य छैन । कला प्रश्न गर्ने माध्यम हो । जब राज्य प्रश्नसँग डराउन थाल्छ, त्यहीँबाट लोकतान्त्रिक मूल्यहरू कमजोर हुन्छन् ।' बरालको यो धारणालाई नाट्यकर्मी दिया मास्केले पनि फेसबुकमा सेयर गरेकी छन् । त्यस्तै, अर्का नाट्यकर्मी राज शाहले कसैको दबाब, धम्की र लालचमा नेपाली रङ्गमञ्च नझुक्ने बताए । उनले भने, 'पञ्चायतकालमा नाटक सेन्सर हुने, नाटक गर्दा मण्डलेबाट कुटिने र प्रहरीले पक्राउ गर्ने कुरा अग्रजहरूबाट सुनेका थियौँ । तर, नाटक नै रोक्नुपर्ने गरी राजनीतिक दबाब आएको हाम्रै पालामा भोग्नुपर्‍यो ।' यसैबिच, 'एक थिएटर नेपाल'का सञ्चालक सौजन सेनेहाङले नाटक किन रोकियो भन्नेबारे आफूलाई स्पष्ट जानकारी नभएको बताए । उनले भने, 'आइतबार बिहान ८ देखि १० बजेको बीचमा निर्देशक सहलेसलाई अज्ञात नम्बरहरूबाट धम्कीपूर्ण फोन आएको सुनेको छु । त्यसपछि कलाकारहरूसँग सल्लाह गरी उनले नाटक रोक्ने निर्णय लिए ।' सेनेहाङका अनुसार नाटकको शीर्षकमा रहेको 'लुसिफर' शब्दलाई लिएर केही व्यक्तिले सुरुदेखि नै निर्देशकलाई फोनमार्फत असन्तुष्टि जनाउँदै आएका थिए । उनले थपे, 'धम्की सरकारी पक्षबाट आएको हो वा कुनै समूहबाट, त्यो स्पष्ट भइसकेको छैन । यस विषयमा निर्देशकले वक्तव्यमार्फत सार्वजनिक गर्ने भन्नुभएको छ ।' थिएटर सञ्चालनमा आएदेखि यस किसिमको अवस्था पहिलोपटक भोग्नुपरेको उनले बताए । यस विषयमा बुझ्न निर्देशक सहलेससँग पटक-पटक सम्पर्क गर्दा पनि उनी सम्पर्कमा आउन चाहेनन् ।

**के हो नाटक 'लुसिफर राइजिङ' ?**

शक्तिशाली व्यक्तिहरूको क्रियाकलापमा आधारित यो नाटक गत जेठ १ गतेदेखि मञ्चन भइरहेको थियो । भदौ २३ गतेको 'जेनजी आन्दोलन'को पृष्ठभूमिमा एउटा सुकुमबासी बस्तीमा महिलामाथि घटेका घटनालाई नाटकको विषय बनाइएको छ । सहलेसद्वारा लिखित तथा निर्देशित यो नाटकमा मानिसभित्रको अन्तरद्वन्द्व, शक्ति, राक्षसी प्रवृत्ति र त्यसले आम मानिसमा पार्ने प्रभाव समेटिएको छ । नाटकमा अनोज पाण्डे, तारा, बुद्धिराम चौधरी, मिलनबहादुर खड्का, सुब्रतराज सिलवाल र एडन बातीलगायतका कलाकारले अभिनय गरेका थिए । नाटक जेठ २० गतेसम्म मञ्चन गर्ने तय गरिएको थियो ।

*-रातोपाटी डटकम*

# बक्स अफिसमा नयाँ चलचित्र निराश, पुराना चलचित्रकै दबदबा




गत साता प्रदर्शनमा आएका नेपाली चलचित्रहरूले अपेक्षाअनुसारको व्यापार गर्न नसक्दा बक्स अफिस फेरि एकपटक सुस्त देखिएको छ । शुक्रबारदेखि देशभर प्रदर्शनमा आएका नयाँ चलचित्र 'एक मुठ्ठी बादल' र 'लाइफ ड्यामेज' दुवैले दर्शक हलसम्म तान्न नसक्दा कमजोर ओपनिङ गरेका छन् । उपलब्ध बक्स अफिस तथ्यांकअनुसार सहारा शर्माको निर्देशनमा बनेको 'एक मुठ्ठी बादल'ले प्रदर्शनको सुरुवाती अवधिमा जम्मा पाँच लाख २१ हजार रुपैयाँ ग्रस कलेक्सन गरेको छ । अभिनेत्री आँचल शर्माको मुख्य भूमिका रहेको यो चलचित्रले प्रचारप्रसारका बाबजुद दर्शकको उल्लेख्य साथ पाउन सकेन । पारिवारिक कथावस्तु र भावनात्मक प्रस्तुतिका कारण चर्चा कमाएको चलचित्रले हलमा भने कमजोर उपस्थिति जनाएको देखिन्छ । त्यसैगरी निमेष श्रेष्ठ निर्देशित 'लाइफ ड्यामेज'ले २८ लाख ४६ हजार रुपैयाँ ग्रस कलेक्सन गरेको छ । अभिनेत्री सुरक्षा पन्त मुख्य भूमिकामा रहेको यो चलचित्रले 'एक मुठ्ठी बादल'को तुलनामा केही राम्रो व्यापार गरे पनि अपेक्षित उचाइमा पुग्न सकेन । समीक्षकबाट मिश्रित प्रतिक्रिया पाएको चलचित्रलाई मल्टिप्लेक्समा सीमित दर्शकको साथ मिलेको बताइएको छ । चलचित्र वितरकहरूका अनुसार पछिल्लो समय नेपाली चलचित्रप्रति दर्शकको आकर्षण स्थिर रहन नसक्दा नयाँ चलचित्रलाई सुरुवाती व्यापारमै चुनौती थपिएको छ । बलियो प्रचार, चर्चित कलाकार र सामाजिक सञ्जालमा चर्चा भए पनि हलसम्म दर्शक ल्याउन कठिन भइरहेको उनीहरूको भनाइ छ । यसबीच, केही साताअघि प्रदर्शनमा आएका चलचित्रहरूले भने बक्स अफिसमा आफ्नो पकड कायम राखेका छन् । वैशाख २५ गतेदेखि प्रदर्शनमा आएको चलचित्र 'लालीबजार'ले हालसम्म पाँच करोड ७६ लाख रुपैयाँ ग्रस कलेक्सन गर्न सफल भएको छ । यम थापाको निर्देशन रहेको चलचित्रमा अभिनेत्री स्वस्तिमा खड्काको मुख्य भूमिका छ । अपराध, राजनीति र सामाजिक यथार्थलाई समेटिएको कथावस्तुले दर्शकको साथ पाइरहेको विश्लेषण गरिएको छ । सोही मितिमा प्रदर्शनमा आएको 'परालको आगो'ले पनि उल्लेखनीय व्यापार गर्दै चार करोड २७ लाख रुपैयाँ ग्रस कलेक्सन गरेको छ । लक्ष्मण सुनार निर्देशित चलचित्रमा सौगात मल्ल, प्रकाश सपूत र सुहाना थापाको अभिनय छ । ग्रामीण परिवेश र सामाजिक संघर्षलाई केन्द्रमा राखेर निर्माण गरिएको चलचित्रले राजधानीसँगै मोफसलमा पनि राम्रो व्यापार गरिरहेको जनाइएको छ । यता प्रकु पाण्डेय निर्देशित 'मालती मंगले'ले ५१ लाख ६३ हजार रुपैयाँ ग्रस कलेक्सन गरेको छ । विजय बराल र वर्षा राउत अभिनित चलचित्रले मध्यम व्यापार गरिरहेको विश्लेषण गरिएको छ । पारिवारिक तथा सामाजिक कथामा आधारित यो चलचित्रले केही दर्शकको सकारात्मक प्रतिक्रिया पाए पनि व्यापारमा उल्लेखनीय छलाङ मार्न सकेको छैन । त्यसैगरी प्रेमसोनी सुनार निर्देशित 'गुरुआमा'ले २९ लाख ४२ हजार रुपैयाँ ग्रस कलेक्सन गरेको छ । अभिनेत्री मिथिला शर्माको मुख्य भूमिका रहेको चलचित्रले विशेषगरी महिला दर्शकमाझ केही चर्चा पाए पनि समग्र व्यापार भने कमजोर देखिएको छ । चलचित्र बजार विश्लेषकहरूका अनुसार पछिल्लो समय नेपाली चलचित्र उद्योगमा विषयवस्तुको विविधता बढे पनि दर्शकको उपस्थिति स्थिर बन्न सकेको छैन । ओटिटी प्लेटफर्मको बढ्दो प्रभाव, आर्थिक मन्दी, टिकट मूल्य तथा कमजोर 'वर्ड अफ माउथ'ले पनि चलचित्रको व्यापार प्रभावित भइरहेको उनीहरूको बुझाइ छ । यद्यपि, 'लालीबजार' र 'परालको आगो'जस्ता चलचित्रले राम्रो व्यापार गरेकाले नेपाली चलचित्र बजार पूर्ण रूपमा निराशाजनक नभएको उद्योग सम्बद्धहरूको तर्क छ । उनीहरूका अनुसार राम्रो कथावस्तु, बलियो प्रस्तुति र प्रभावकारी प्रचार गर्न सके नेपाली चलचित्रले अझै पनि दर्शकको विश्वास जित्न सक्ने सम्भावना कायम छ ।

*-इहिमालय टाइम्स डटकम*

# 'टक्सिक' अभिनेत्रीको फेक भिडियो भाइरल



साउथ सिनेमाकी उदयमान स्टार रुक्मिणी वसंत यतिबेला इन्टरनेटमा निकै चर्चामा छिन् । सामाजिक सञ्जालमा उनको एउटा बिकिनी भिडियो तीव्र रूपमा भाइरल भइरहेको छ, जसमा उनी हरियो रंगको बिकिनी लगाएर स्विमिङ पुलमा ओर्लिरहेको देखिन्छ । तर, यो भिडियो वास्तविक नभई एआई प्रविधिको दुरुपयोग गरेर बनाइएको नक्कली भिडियो हो । यस घटनालाई लिएर अभिनेत्री रुक्मिणीले कडा आपत्ति जनाउँदै कानुनी र साइबर क्राइम सेलमा उजुरी प्रक्रिया अगाडि बढाएकी छिन। उनले सामाजिक सञ्जालमा वक्तव्य जारी गर्दै यो भिडियो पूर्ण रूपमा नक्कली र भ्रमपूर्ण भएको स्पष्ट पारेकी छिन् । उनले भनिन्, "यस्ता भ्रामक सामग्री निर्माण र प्रचार गर्नु गैरजिम्मेवारपूर्ण काम हो र यो गोपनीयताको गम्भीर उल्लंघन हो ।" पर्दामा सधैं सीधा, भद्र र गम्भीर भूमिकामा देखिने रुक्मिणीलाई यस्तो बोल्ड अवतारमा देखेपछि सुरुमा प्रशंसकहरू निकै अचम्ममा परेका थिए । भिडियोलाई यति वास्तविक ढंगले एडिट गरिएको छ कि धेरैले यसलाई कुनै नयाँ प्रोजेक्टको सुटिङ नै ठानेका थिए । तर एआई प्रविधिको खुलासा भएपछि अहिले सामाजिक सञ्जालमा यसको व्यापक आलोचना भइरहेको छ । हालै आयोजित 'इन्डिया टुडे साउथ कन्क्लेव २०२५' मा कुराकानी गर्दै रुक्मिणीले आफनो करियरलाई कुनै एउटा निश्चित ट्याग वा लेबलमा सिमित राख्न नचाहने बताएकी थिइन् । उनले आफ्नो ध्यान सधैं राम्रो कथा र काममा केन्द्रित रहने र दर्शकको मन छुने भूमिकाहरू गर्न चाहेको स्पष्ट पारेकी थिइन् ।

*-डिसी नेपाल डटकम*

# 'काजी'को असारे गीतमा गरिमा र सन्दीपको प्रेमालाप



गत शुक्रबार (८ जेठ)बाट प्रदर्शनमा आएको फिल्म 'काजी'ले दर्शकबाट सकारात्मक प्रतिक्रिया पाइरहँदा सोमबार निर्माण पक्षले असारे गीत सार्वजनिक गरेको छ । लोक शैलीमा आधारित 'ज्यानको तिर्खालाई' बोलको गीतमा प्रशान्त सिवाकोटी र रचना रिमालको युगल गायन रहेको छ भने शब्द तथा संगीत गायक सिवाकोटी स्वयंको हो । धान रोपाइँको पृष्ठभूमिमा तयार पारिएको गीतको भिडियोमा फिल्मका मुख्य कलाकारहरू विपिन कार्की, केकी अधिकारी, गरिमा शर्मा, प्रकाश घिमिरे, हिउँवाला गौतम र सन्दीप बाबु लोहनी देखिएका छन् । भिडियोमा विशेषगरी गरिमा र सन्दीपबीचको प्रेमालाप देख्न सकिन्छ । गीतका कोरियोग्राफर कविराज गहतराज हुन् । ग्रामीण परिवेशमा आधारित यस फिल्मले उत्साहजनक प्रतिक्रियाका बाबजुद पनि व्यापारमा सुधारका लागि बक्स अफिसमा संघर्ष गरिरहेको छ । यद्यपि, 'वर्ड अफ माउथ'को प्रभाव विस्तारै हलमा देखिनेमा निर्माण टिम आशावादी देखिन्छ । फिल्मलाई दर्शकले 'मन छुने लभस्टोरी'को संज्ञा दिएका छन् । कतिपय दर्शकले दोस्रो भाग (सिक्वेल)को समेत माग गरेका छन् । लक्ष्मण रिजालको निर्देशनमा बनेको 'काजी'लाई रामप्रसाद रिजालले निर्माण हुन् । फिल्ममा प्रदीप भारद्वाजको लेखन तथा चिन्तन राजभण्डारीको छायांकन रहेको छ । यस फिल्मले विपिन र केकीको पात्रमार्फत पारिवारिक सम्बन्धमा आउने उतारचढाव र आदर्श प्रेमलाई प्रस्तुत गरेको छ । फिल्ममा कथाको 'टाइमफ्रेम' ३०-३५ वर्षअघिको राखिएको छ ।

*-फिल्मी खबर डटकम*

# गुल्मीमा हावाहुरीले घरगोठमा क्षति



गुल्मी, जेठ १२/जिल्लाको मालिका गाउँपालिकाका सोमबार राती आएको हावाहुरीले घरगोठमा क्षति पुऱ्याएको छ । हावाहुरीले यहाँका नेटा, दर्लिङ र घमिरका अधिकांस किसानका घरगोठमा क्षति पुगेको हो ।

सबै ठाउँको पूर्ण क्षतिको विवरण भने अझै आएको छैन् । प्रहरीले घमिरको मात्रै हालसम्म तथ्यांक एकीकृत गरेको जनाएको छ । जिल्ला प्रहरी कार्यालय गुल्मीका अनुसार ४५ वटाभन्दा बढी संरचना घमिरमा मात्रै क्षतिग्रस्त छन् । अन्य क्षेत्रमा क्षतिको विवरण संकलन जारी रहेको छ । पानीसहितको हावाहुरीले घरगोठका छानो तथा शौचालयको छानो र विद्यालयमा समेत क्षति पुगेको थियो । अधिकांश संरचनाको छानो उडाएको छ । मुसिकोट नगरपालिका वडा नम्बर २ र ३ का पनि केही संरचनामा क्षति पुगेको छ । मदाने गाउँपालिका-१ मा पनि एक संरचनामा क्षति पुगेको हो । मालिकाका अन्य ठाउँमा पनि ठुलो परिणाममा क्षति पुगेको छ । प्रहरीले क्षतिको विवरण संकलन गरिरहेको छ ।मालिका गाउँपालिकाका अध्यक्ष देवीराम अर्यालले १५० भन्दा बढी घरमा क्षति पुगेको विवरण आइसकेको र यो संख्या २०० भन्दा बढी हुने बताए । उनले प्रहरीले क्षतिको विवरण संकलन गरिरहेको बताए । अध्यक्ष अर्यालसहित मालिकामा मात्रै २०० भन्दा बढी संरचनामा क्षति पुगेको अनुमान छ ।

# पद्मिनी एकादशी व्रत आज श्रद्धापूर्वक मनाइँदै




**पाल्पा,** जेठ १२/ हिन्दू धर्मावलम्बीहरूले आज अधिकमासमा पर्ने विशेष एकादशीका रूपमा मानिने पद्मिनी एकादशी व्रत श्रद्धा, भक्ति र धार्मिक विधिपूर्वक मनाउँदै छन् । वैदिक परम्पराअनुसार अधिकमासको शुक्ल पक्षमा पर्ने यो एकादशी भगवान् विष्णुको आराधना गर्ने महत्वपूर्ण दिन मानिन्छ । धार्मिक विश्वासअनुसार यो दिन व्रत बस्दा पाप क्षय हुनुका साथै सुख, शान्ति र समृद्धि प्राप्त हुने जनविश्वास रहेको छ ।

देशभरका विष्णु मन्दिरहरूमा बिहानैदेखि भक्तजनहरूको घुइँचो लागेको छ । भक्तजनहरूले स्नान, पूजा, जप तथा दीपदान गरी व्रत बसेका छन् । विशेषगरी भगवान् विष्णु र लक्ष्मीको पूजा आराधना गर्दै रातभर भजन-कीर्तन गर्ने परम्परा पनि रहेको छ । धर्मशास्त्रमा पद्मिनी एकादशीलाई अत्यन्त पुण्यदायी एकादशीका रूपमा वर्णन गरिएको छ । यो व्रतले मनोकामना पूरा हुने तथा आत्मिक शान्ति प्राप्त हुने धार्मिक विश्वास रहेको पण्डितहरूको भनाइ छ । यस अवसरमा विभिन्न धार्मिक संघ-संस्थाले मन्दिर तथा आश्रमहरूमा विशेष पूजा, प्रवचन र भजन कार्यक्रम आयोजना गरेका छन् ।

खेलकुद समाचार

# क्रिकेट खेलाडीको नयाँ वर्गीकरण



**काठमाडौं**, जेठ १२/ नेपाल क्रिकेट सै (क्यान) ले क्रिकेट खेलाडीको नयाँ वर्गीकरण सार्वजनिक गरेको छ । क्यानले एक विज्ञप्ति निकालेर पुरुषतर्फ ३८ र महिलातर्फ २५ खेलाडीलाई प्रदर्शन र योगदानका आधारमा विभिन्न श्रेणी निर्धारण गरिएको जनाएको छ । पहिलो पटक क्यानले 'ए प्लस' श्रेणी थपेको छ । पुरुषतर्फ 'ए प्लस' श्रेणीमा एक दिवसीय कप्तान रोहितकुमार पौडेल, टी-२० कप्तान दीपेन्द्र सिंह ऐरी र सन्दीप लामिछाने रहेका छन् । 'ए' श्रेणीमा सोमपाल कामी, आसिफ शेख, कुशल भुर्तेल र करण केसी गरी ४ जना छन् । यस्तै 'बी' श्रेणीमा ललितनारायण राजवंशी, आरिफ शेख, भीम सार्की, नन्दन यादव र गुलशन झा रहेका छन् । 'सी' श्रेणीमा सन्दीप जोरा, अर्जुन कुमाल, कुशल मल्ल, शेर मल्ल, ईशान पाण्डे, बशिर अहमद, लोकेश बम, शाहव आलम, हेमन्त धामी, विनोद भण्डारी र अनिल साह समावेश छन् । विकास श्रेणी अर्थात वर्गीकरणमा परेको अन्तिम श्रेणीमा त्रितराज दास, राशिद खान, सन्तोष यादव, नारायण जोशी, विपिन खत्री, रिजन ढकाल, युवराज खत्री, देव खनाल, पवन सर्राफ, आकाश चन्द, दीपक डुम्रे, अर्जुन घर्ती, अर्जुन साउद, प्रतिश जिसी र सागर ढकाल रहेका छन् । महिला टोलीतर्फ इन्दु वर्मा, पूजा महतो, रुविना क्षेत्री र सिता राना मगर 'ए' श्रेणीमा परेका छन् । 'बी' श्रेणीमा कविता कुँवर, सम्झना खड्का र मनिषा उपाध्याय रहेका छन् । त्यसै गरी 'सी' श्रेणीमा इन्दु रावल, कविता जोशी, रुवी पोदार र रिया शर्मा समावेश छन् । विकासतर्फको 'डी' श्रेणीमा रोमा थापा, सुमन विष्ट, इश्वरी विष्ट, सोनु पाखिन, साना प्रवीन, सावित्री धामी, काजल श्रेष्ठ, सीमा केसी, अनु कडायत, यशोदा विष्ट, लक्ष्मी साउद, ममता चौधरी, अस्मिना कर्माचार्य र रचना चौधरी रहेका छन् ।

अर्थ/कर्पोरेट समाचार

# नेप्से र कारोबार रकम दुवै घट्यो



**पाल्पा,** जेठ १२/ नेप्से परिसूचक नौ दशमलव २४ अङ्कले ओरालो लागेको छ । पहिलो दिन सोमबार नेप्से परिसूचक २७ अंकले बढेकोमा यसदिन ९ दशमलव २४ अंकले घटेर २ हजार ७ सय ७७ दशमलव १० विन्दुमा पुगेको हो ।

नेप्से घटेसँगै कारोबार रकममा पनि सोमबारको तुलनामा कमी आएको छ । कारोबार भएकामध्ये ६९ कम्पनीको शेयर मूल्य बढेको छ भने १९० कम्पनीको भने घटेको छ । यस्तै, ११ कम्पनीको शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन । कुल तीन सय ४० कम्पनीको एक करोड १८ लाख ७२ हजार ५०७ कित्ता शेयर रु चार अर्ब ८५ करोड ४४ लाख ४४ हजार १७० मूल्यमा खरिद बिक्री भएको छ । नेप्सेका अनुसार, आँखु खोला जलविद्युत् कम्पनी, रिडी पावर कम्पनी, साहस ऊर्जा, इ्यादी ग्रुप पावर र अपि पावर कम्पनी कारोबारका आधारमा शीर्ष स्थानमा छ । दिनभरको कारोबारमा कालिञ्चोक हाइड्रोपावर, कुथेली बुखरी स्मल हाइड्रोपावर, त्रिशूली जलविद्युत् कम्पनी, सिर्जनशील लघुवित्त वित्तीय संस्था, नेपाल रिपब्लिक मिडियाका शेयरधनीले कमाएका छन् । यसैगरी, सुपर खुदी हाइड्रोपावर, ग्रिन डेभलपमेन्ट बैङ्क, आत्मनिर्भर लघुवित्त, एनआइसी एसिया बैङ्क, सालपा विकास बैङ्कका लगानीकर्ताले भने गुमाएका छन् ।

# लुम्बिनी प्रदेशसभा ...

...प्रदेशमा थारू समुदायको उल्लेख्य बसोबास रहेको तथा आदिमकालदेखि प्रचलनमा रहेका सामूहिक प्रथा जनित कविला गण संरचना, सङ्गठन, चालचलन, रीतिरिवाज, संस्कृति, सम्पदा, मटावाँ, बरघर तथा भलमन्साजस्ता परम्परागत अभ्यासको संरक्षण, अभिलेखीकरण, प्रवर्द्धन र पुस्तान्तरणका लागि कानुनी व्यवस्था आवश्यक रहेको भन्दै विधेयक ल्याइएको जनाइएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा थारू समुदायको जनसंख्या १८ लाख सात हजार १२४ अर्थात् कुल जनसंख्याको ६.२ प्रतिशत रहेको छ । लुम्बिनी प्रदेशमा मात्रै थारू समुदायको जनसंख्या सात लाख ३२ हजार ६९ अर्थात् १४.३ प्रतिशत रहेको तथ्याङ्क छ । दाङ, बाँके, बर्दिया, कपिलवस्तु, रूपन्देही र नवलपरासी जिल्लामा थारू समुदायको उल्लेख्य बसोबास रहेको छ । बैठकको प्रारम्भमा समसामयिक विषयमा शून्य समयमा विभिन्न ११ जना प्रदेशसभा सदस्यहरूले आफ्ना धारणा राखेका थिए । प्रदेशसभाको अर्को बैठक जेठ १३ गते बुधबार (आज) दिउँसो १:०० बजे बस्ने तय गरिएको छ । *-रासस*

वर्गिकृत डिस्प्ले

*१X५ साइजमा मात्र*

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१

मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई